# राजपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गंगदी, दाङ
लुम्बिनी प्रदेश, नेपाल

९८५७८३५२४०


प.स. २०८२/०८३
च.न ५२१

मिति : २०८२।१२।३०

विषयः कार्यान्वयन गर्ने सम्बन्धमा।

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै,
राजपुर गाउँपालिका दाङ ।

प्रस्तुत विषयमा, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको च नं ४३५ मिति २०८२।१२।२५ र शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको च नं ६७ मिति २०८२।१२।२६ गतेको प्राप्त पत्रानुसार **२०८३ सालको शैक्षिक सत्र वैशाख १५ गतेबाट सुरु गर्ने** गरी भएको नेपाल सरकारको निर्णय तथा परिपत्र बमोजिम यस राजपुर गाउँपालिका अन्तरगत सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरुले २०८३ वैशाख १५ गतेदेखि भर्ना अभियान तथा २०८३ वैशाख २१ गतेदेखि नियमित पठनपाठन सञ्चालन गर्ने गरी मिति २०८३।०१।०२ गतेदेखि विद्यालयमा देहाय अनुसार गर्नु गराउनुहुन अनुरोध छ ।

तपसिल

१- मिति २०८३।०१।०२ गतेदेखि शिक्षक तथा विद्यालय कर्मचारी अनिवार्य रुपमा विद्यालयमा उपस्थित हुने।
२- शैक्षिक सत्र २०८२ को विद्यार्थी नतिजा/उपलब्धिको विश्लेषण गर्ने र २०८३ को लक्ष्य तय गर्ने ।
३- शैक्षिक सत्र २०८३ को विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक,वार्षिक कार्यतालिका, वार्षिक कार्ययोजना, शिक्षण सुधार योजना (TIP) निर्माण गर्ने ।
४- २०६३ असोज ३ गते पछि जन्म भई आधारभूत तहको शिक्षा पूरा नगरेका विद्यालय बाहिर रहेका बालबालिकाको तथ्याङ्क सङ्कलन फाराम भर्ने ।
५- शैक्षिक सत्र २०८२ को अन्तिम नतिजामा विभिन्न कक्षा (कक्षा ८बाहेक) विभिन्न विषयमा NG आएका विद्यार्थीहरुलाई सम्बन्धित विद्यालयबाट ग्रेडवृद्धि परीक्षा सञ्चालन गर्ने ।साथै कक्षा ८ मा ननग्रेडेड विद्यार्थीहरुलाई विद्यालयमा बोलाई ग्रेडवृद्धि परीक्षाको लागि तयारी गराउने ।
६- विगतका वर्षहरुको अन्तिम लेखा परीक्षण गराउन बाँकि रहेका विद्यालयहरुले लेखा परीक्षण गराउने ।
७- बिरामी बिदा प्रमाणित गराउनको लागि तोकिएको ढाँचामा फाराम र रजिष्टर तयार गरी पेश गर्ने ।
८- गाउँपालिकाको कार्यालयबाट स्वीकृत योजना अनुसार प्रअ क्षमता विकास, शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग, मन्टेश्वरी तालिम, विषयगत शिक्षक पेशागत विकास तालिम, शिक्षकहरुको लागि संगीत तालिम सञ्चालन हुन गइरहेको हुँदा तालिममा सक्रियतापूर्वक सहभागी गराउने ।तालिमको समयतालिका अर्को सूचनाबाट जानकारी गराइने छ ।
९- २०८३ वैशाख २ गतेदेखि देशभर सञ्चालन हुन गइरहेको राष्ट्रिय आर्थिक गणना कार्यक्रम अन्तरगत यस गाउँपालिकामा खटिएका गणकहरुलाई विद्यालयबाट प्रदान गर्नुपर्ने माग भए बमोजिमका तथ्याङ्कहरु उपलब्ध गराउने ।

२०८२।१२।३०
शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत